३८३

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. २५८/२०७०/०७१

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका कलंकी १४ वडा स्थापना भएको समाजवादी अभियान नेपालका मनोज कुमार श्रेष्ठ ..........................................................................१ पुनरावेदक

**विरूद्ध**

श्री शेषनारायण गा.वि.स.को कार्यालय, शेषनारायण, काठमाडौं .......................................१ विपक्षी

विषय :- आवश्यक कागजात उपलब्ध नगराएकोले तामेलीमा राख्नू ।

काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका कलंकी १४ वडा स्थापना भएको समाजवादी अभियान नेपालका मनोज कुमार श्रेष्ठले श्री शेषनारायण गा.वि.स.को कार्यालय, शेषनारायण, काठमाडौं समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७०।०१।०५ मा पुनरावेदन गरेको । पुनरावेदकलाई सूचना अधिकारी समक्ष पेश गरेको निवेदन, सूचना अधिकारी समक्ष निवेदन पेश गरेको १५ दिन पश्चात कार्यालय प्रमुख समक्ष पेश गरेको निवेदन लगायत आवश्यक कागजात कागजातको प्रतिलिपि मिति २०७१।११।०८, पु.च.नं.६०२ को पत्रबाट आवश्यक कागजात उपलब्ध गराउन पत्र लेखिएकोमा पुनरावेदकले हालसम्म पनि पेश गर्नु भनिएको आवश्यक कागजात पेश नगरेको र पुनरावेदकले सो कागजातहरु पेश गरेको बखत अग्रीम कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राख्नू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल असार २३ गते रोज ४ शुभम् ।